# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६६/६७ को बार्षिक तथ्याङ्कमा आधारित)*

## वास्तविक क्षेत्र

### कुल गार्हस्थ उत्पादन

१. नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०६६/६७ मा देशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ३.५ प्रतिशत र उत्पादकको मूल्यमा ४.६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६५/६६ मा उपरोक्त वृद्धिदरहरु क्रमशः ३.९ प्रतिशत र ४.९ प्रतिशत रहेका थिए ।

२. आर्थिक वर्ष २०६६/६७ मा कृषि क्षेत्रको उत्पादन १.१ प्रतिशत र गैर-कृषि क्षेत्रको उत्पादन ५.१ प्रतिशतले वढेको अनुमान छ । अघिल्लो आर्थिक वर्षमा कृषि र गैर-कृषि क्षेत्रको वृद्धिदर क्रमशः ३.० प्रतिशत र ४.७ प्रतिशत रहेको थियो ।

३. मौसमी प्रतिकूलताको कारण आर्थिक वर्ष २०६६/६७ मा धानको उत्पादन ११.० प्रतिशतले घटेको छ । अघिल्लो वर्ष धानको उत्पादन ५.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा मकैको उत्पादनमा पनि ३.९ प्रतिशत ह्रास आएको छ भने गहुँ, जौं र कोदोको उत्पादन भने क्रमशः १५.८ प्रतिशत, १८.८ प्रतिशत र २.३ प्रतिशतले वढेको अनुमान छ । समीक्षा वर्षमा फलफूल तथा तरकारीको उत्पादन क्रमशः २.७ प्रतिशत र ८.९ प्रतिशतले बढेको छ ।

### उपभोग, लगानी र बचत

४. आर्थिक वर्ष २०६६/६७ मा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अँश ०.३ प्रतिशत विन्दुले वढेर ९०.६ प्रतिशत पुगेको छ । फलस्वरुप, कुल गार्हस्थ्य उत्पादनमा गार्हस्थ्य बचतको अनुपात ९.४ प्रतिशतमात्र रहेको छ । अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल पूँजी निर्माणको अनुपात ३१.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६६/६७ मा यस्तो अनुपातमा सीमान्त वृद्धि भई ३८.२ प्रतिशत पुगेको छ । समीक्षा वर्ष तथा अघिल्लो वर्षका दुवै अवधिमा कुल स्थिर पूँजी निर्माण कुल गार्हस्थ्य उत्पादनको २१.३ प्रतिशत रहेको थियो ।

### कुल राष्ट्रिय खर्चयोग्य आय

५. कुल राष्ट्रिय आम्दानीमा नेपाली कामदारले विदेशबाट पठाएको विप्रेषण एवं खुद ट्रान्सफर समावेश गरिएको कुल राष्ट्रिय खर्चयोग्य आय आर्थिक वर्ष २०६६/६७ मा १८.१ प्रतिशतले बढेको अनुमान छ । अघिल्लो वर्ष कुल राष्ट्रिय खर्चयोग्य आय २४.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल राष्ट्रिय खर्चयोग्य आयको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १२५.१ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष यस्तो अनुपात १२६.४ प्रतिशत रहेको थियो ।

### पर्यटक आगमन

६. आर्थिक वर्ष २०६५/६६ मा हवाईमार्गबाट ३ लाख ६४ हजार ८३० पर्यटकले नेपाल भ्रमण गरेकोमा आर्थिक वर्ष २०६६/६७ मा यो संख्यामा १२.८ प्रतिशतले वृद्धि भई ४ लाख ११ हजार ५८४ पुगेको छ । यस अवधिमा हवाईमार्गबाट आउने पर्यटक सँख्यामध्ये भारतीय तथा तेस्रो मुलुकको अँश क्रमशः २२.१ प्रतिशत र ७७.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अँश क्रमशः २४.१ प्रतिशत र ७५.९ प्रतिशत रहेको थियो ।

७. पर्यटकहरुको आगमनलाई क्षेत्रगत रूपमा विश्लेषण गर्दा समीक्षा वर्षमा तेस्रो मुलुकको पर्यटक आगमन सँख्या १५.७ प्रतिशतले वृद्धि भई ३ लाख २० हजार ४६८ पुगेको छ । अघिल्लो वर्ष तेस्रो मुलुकको पर्यटक सँख्या ०.५ प्रतिशतले घटेको थियो । यसैगरी भारतीय पर्यटक आगमन सँख्या समीक्षा वर्षमा ३.८ प्रतिशतले वढ्न गई ९१ हजार ११७ कायम रहेको छ । अघिल्लो वर्ष भारतीय पर्यटक आगमन सँख्या २.३ प्रतिशतले घटेको थियो ।

### वैदेशिक लगानी

८. शान्ति सुरक्षाको अवस्थामा भएको क्रमिक सुधारका कारण समीक्षा वर्षमा वैदेशिक लगानीको प्रतिवद्धता बढेको छ । समीक्षा वर्षमा उद्योग विभागले रू.९ अर्ब १० करोड वैदेशिक लगानी प्रतिवद्धता भएका १७१ वटा विदेशी सँयुक्त लगानीका परियोजनाहरू स्थापनाका लागि स्वीकृति दिएको छ । विभागले अघिल्लो वर्ष कुल रू ६ अर्ब २५ करोड बराबर वैदेशिक लगानी भएका २३० वटा सँयुक्त विदेशी लगानीका परियोजनाहरू स्थापना गर्न स्वीकृति दिएको थियो । समीक्षा वर्षमा दर्ता गरिएका विदेशी सँयुक्त लगानीका कुल १७१ परियोजनाहरूमध्ये सेवासम्बन्धी ७२, पर्यटनसम्बन्धी ५०, उत्पादनमूलक ३७, उर्जासम्बन्धी ५, खनिजसम्बन्धी ४, कृषिसम्बन्धी २ र निर्माणसम्बन्धी १ परियोजनाहरु रहेका छन् । अघिल्लो वर्षको तुलनामा स्वीकृत वैदेशिक लगानीमध्ये सवैभन्दा वढी उत्पादनमूलक परियोजनामा १२१.० प्रतिशतले वृद्धि भएको छ भने कृषि सम्वन्धी परियोजनामा ९६.७ प्रतिशतले ह्रास भएको देखिन्छ ।

९. समीक्षा वर्षमा दर्ता भएका परियोजनाहरूबाट कुल ७ हजार ८ सय ४८ जनाले रोजगारी पाउने अनुमान गरिएको छ । समीक्षा वर्षमा ३४ मुलुकले नेपालमा लगानी गर्न अनुमति लिएका छन् । मुलुकगत आधारमा हेर्दा समीक्षा वर्षमा सबैभन्दा बढी विदेशी लगानी भारतको रहेको छ । त्यसपछि क्रमशः मौरिसस, क्यानडा र चीन रहेका छन् ।

### वैदेशिक रोजगार

१०. आर्थिक वर्ष २०६५/६६ मा नेपाल सरकार, वैदेशिक रोजगार विभागले कुल २ लाख १७ हजार १ सय ६४ जना कामदारहरुलाई वैदेशिक रोजगारीका लागि अन्तिम स्वीकृति प्रदान गरेकोमा आर्थिक वर्ष २०६६/६७ मा उक्त सँख्या ३५.४ प्रतिशतले बढ्न गई कुल २ लाख ९४ हजार ९४ जना पुगेको छ ।

११. आर्थिक वर्ष २०६६/६७ मा मलेशियमा मात्र १ लाख १३ हजार ९ सय ३३ जना कामदारहरुलाई वैदेशिक रोजगारीमा जान अनुमति दिइएको छ, उक्त सँख्या अघिल्लो वर्षको तुलनामा २४०.७ प्रतिशतले बढी हो । वैदेशिक रोजगारीमा जान अनुमति दिइएका कामदारहरुमध्ये झण्डै ३८.५ प्रतिशत मलेशियाका लागि रहेका छन् । मलेसियापछि नेपाली कामदार बढी खपत गर्ने राष्ट्रहरुमा क्रमशः साउदी अरब, कतार र संयुक्त अरब इमिरेट्स रहेका छन् । आर्थिक वर्ष २०६५/६६ सम्म वैदेशिक रोजगारीको प्रमुख गन्तव्यस्थलको रुपमा कतार रहेकोमा आर्थिक वर्ष २०६६/६७ मा मलेशिया अग्रस्थानमा रहेको छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१२. आर्थिक वर्ष २०६५/६६ मा वार्षिक औषत उपभोक्ता मुद्रास्फीति १३.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६६/६७ मा मुद्रास्फीतिमा सीमान्त रुपले सुधार भई १०.५ प्रतिशत रहेको छ । समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १५.४ प्रतिशतको उच्च दरले वृद्धि भए पनि गैरखाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ४.७ प्रतिशतले मात्र वृद्धि भएकोले समग्रमा वार्षिक औषत उपभोक्ता मुद्रास्फीति अघिल्लो आर्थिक वर्षको तुलनामा सुधार भएको हो । अघिल्लो आर्थिक वर्षमा यी समूहहरुको मूल्य सूचकाङ्कको औषत वृद्धि क्रमशः १६.७ प्रतिशत र ९.५ प्रतिशत रहेको थियो । २०६७ असारमा वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १०.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ११.४ प्रतिशतले वृद्धि भएको थियो ।

१३. समीक्षा वर्षमा खाद्य तथा पेयपदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तुको वार्षिक औषत मूल्यवृद्धि सबैभन्दा बढी ४५.६ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष २०६५/६६ मा पनि यस उपसमूहको मूल्य सूचकाङ्कमा वार्षिक औषत ४५.९ प्रतिशतको उच्चवृद्धि कायम रहेको थियो । यसैगरी, समीक्षा वर्षमा मसला, दलहन र माछा, मासु तथा फुलको मूल्य सूचकाङ्कमा वार्षिक औषत वृद्धि क्रमशः २७.३ प्रतिशत, २६.१ प्रतिशत र २०.६ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा सो वृद्धिदर क्रमशः १२.३ प्रतिशत, २५.० प्रतिशत र २३.४ प्रतिशत रहेको थियो । तरकारी तथा फलफूलको वार्षिक औषत मूल्य सूचकाङ्क अघिल्लो आर्थिक वर्षमा १२.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा १९.९ प्रतिशत ले वृद्धि भएको छ । समीक्षा अवधिमा रेष्टुरेन्टको खाना, पेय पदार्थ र दूध तथा दूग्ध पदार्थ समूहको वार्षिक औषत मूल्य सूचकाङ्क वृद्धिदर क्रमशः १६.८ प्रतिशत, १४.६ प्रतिशत र ११.९ प्रतिशत रहेको छ । यी उपसमूहको सूचकाङ्क अघिल्लो वर्षमा क्रमशः १८.५ प्रतिशत, १२.७ प्रतिशत र १५.० प्रतिशतले वृद्धि भएको थियो । तर आर्थिक वर्ष २०६५/६६ मा १६.३ प्रतिशतको उच्चदरले वृद्धि भएको तेल तथा घ्यूको मूल्य सूचकाङ्कमा भने समीक्षा वर्षमा ४.६ प्रतिशतले ह्रास आएको छ ।

१४. समीक्षा वर्षमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये सिलाइ सेवा तथा सूर्ती र सूर्तीजन्य वस्तुको वार्षिक औषत मूल्य सूचकाङ्क क्रमशः १३.० प्रतिशत र १२.१ प्रतिशतले वृद्धि भएको छ । उक्त वृद्धिदर अघिल्लो वर्ष क्रमशः १०.६ प्रतिशत र १५.४ प्रतिशत रहेको थियो । त्यस्तै, समीक्षा वर्षमा शिक्षा, अध्ययन तथा मनोरञ्जन समूहको मूल्य सूचकाङ्कमा १०.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ८.९ प्रतिशत रहेको थियो ।

१५. समीक्षा वर्षमा काठमाण्डौ उपत्यका, तराई र पहाडको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः ९.७ प्रतिशत, १०.७ प्रतिशत र ११.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः १४.३ प्रतिशत, १२.८ प्रतिशत र १२.७ प्रतिशत रहेको थियो ।

१६. समीक्षा वर्षमा वार्षिक औसत अन्तरर्निहित मुद्रास्फीति (Core Inflation) ११.७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति १२.६ प्रतिशत रहेको थियो । वार्षिक विन्दुगत अन्तरर्निहित मुद्रास्फीति २०६७ असारमा ११.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धि १२.५ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

१७. आर्थिक वर्ष २०६६/६७ मा वार्षिक औषत राष्ट्रिय थोक मूल्य सूचकाङ्क १२.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर १२.८ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः २२.८ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी सूचकाङ्कहरुको वृद्धिदर क्रमशः १४.० प्रतिशत र १०.९ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष १२.१ प्रतिशतले वृद्धि भएको आयातित वस्तुको मुल्य सूचकाङ्क भने समीक्षा वर्ष १.२ प्रतिशतले ह्रास हुन गएको छ । वार्षिक विन्दुगत थोक मूल्य सूचकाङ्कको वृद्धिदर भने २०६६ असारमा १५.३ प्रतिशत रहेकोमा २०६७ असारमा सुधार भई ७.० प्रतिशतमा सीमित रहेको छ ।

१८. समीक्षा वर्षमा कृषिजन्य वस्तु अन्तर्गत नगदे वाली, मसला र पशुजन्य उत्पादन समूहतर्फको वार्षिक औषत मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ३८.० प्रतिशत, ३७.६ प्रतिशत र ३१.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ४.१ प्रतिशत, ११.४ प्रतिशत र २६.३ प्रतिशत रहेको थियो ।

१९. समीक्षा वर्षमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सूर्तिजन्य वस्तु, खाद्यजन्य वस्तु र निर्माण सामग्रीको वार्षिक औसत मूल्य सूचकाङ्कमा क्रमशः १३.४ प्रतिशत, १२.५ प्रतिशत र ४.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त सूचकाङ्कहरुमा क्रमशः ११.७ प्रतिशत, ११.४ प्रतिशत र ११.१ प्रतिशतले वृद्धि भएको थियो ।

२०. समीक्षा वर्षमा आयातित औषधी एवं कपडाजन्य वस्तुहरुको वार्षिक औषत मूल्य सूचकाङ्कमा क्रमशः ७.५ प्रतिशत र ३.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी समूहहरुमा क्रमशः ५.९ प्रतिशत र १५.६ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्ष १०.४ प्रतिशतको वृद्धिको तुलनामा समीक्षा वर्षमा पेट्रोलियम वस्तु तथा कोइलाको वार्षिक औषत मूल्य सूचकाङ्कमा ४.८ प्रतिशतले ह्रास आएको छ ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२१. आर्थिक वर्ष २०६६/६७ मा वार्षिक औषत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १७.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर १५.३ प्रतिशत रहेको थियो । राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमध्ये तलवको सूचकाङ्क वार्षिक औसत २०.२ प्रतिशतले र ज्यालादरको सूचकाङ्क वार्षिक औसत १६.३ प्रतिशतले वृद्धि भएको छ । यस्तो वृद्धिदर अघिल्लो वर्ष क्रमशः १०.५ प्रतिशत र १६.९ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा सरकारी कर्मचारी, सँस्थानका कर्मचारी, सेना तथा प्रहरी र शिक्षकहरुको तलव वृद्धिदर सूचकाङ्क क्रमशः २३.६ प्रतिशत, १८.६ प्रतिशत, २२.७ प्रतिशत र २९.७ प्रतिशत रहेको छ । अघिल्लो बर्ष यस्तो वृद्धिदर क्रमशः १८.७ प्रतिशत, १४.२ प्रतिशत २०.६ प्रतिशत र ९.५ प्रतिशत रहेको थियो । कृषि, औद्योगिक र निर्माण मजदूरहरूको वार्षिक ज्यालादर सूचकाङ्कमा भएको बृद्धिको कारणले राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा चाप पर्न गएको हो । २०६६ असारमा १८.४ प्रतिशतले बढेको वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क २०६७ असारमा १५.८ प्रतिशतको दरले मात्र वृद्धि भएको छ ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

२२. आर्थिक वर्ष २०६६/६७ मा कुल वस्तु निर्यात ९.७ प्रतिशतले घटी रु. ६१ अर्ब १३ करोड रहन गएको छ । अघिल्लो वर्ष यस्तो निर्यात १४.२ प्रतिशतले बढी रु. ६७ अर्ब ७० करोड पुगेको थियो ।

२३. भारततर्फको निर्यात अघिल्लो वर्ष ६.४ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा २.२ प्रतिशतले घटेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष २८.९ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा २१.३ प्रतिशतले ह्रास आएको छ । समीक्षा वर्षमा भारततर्फ मुख्यतयाः तयारी पोशाक, कर्कट पाता, जि.आई. पाइप, प्लाष्टिकका भाँडाकुँडा लगायतका वस्तुहरु एवं अन्य मुलुकतर्फ विशेषगरी दाल, ऊनी गलैंचा, तयारी पोशाक, पश्मिना, जडीबुटी लगायतका वस्तुहरुको निर्यातमा गिरावट आएको छ ।

२४. अघिल्लो वर्ष २८.२ प्रतिशतले वृद्धि भई रु. २८४ अर्ब ४७ करोड पुगेको कुल वस्तु आयात आर्थिक वर्ष २०६६/६७ मा ३३.२ प्रतिशतले बढी रु. ३७८ अर्ब ८० करोड पुगेको छ ।

२५. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष १४.१ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा ३४.२ प्रतिशतले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको ५३.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा ३१.८ प्रतिशतले बढेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, सवारी साधन तथा पार्टपुर्जा, एम.एस. विलेट, रासायनिक मल एवं एम. एस. वायर तथा रड र अन्य मुलुकबाट विशेषगरी सुन, सञ्चार उपकरण तथा पार्टपुर्जा, पोलिथिन दाना, चाँदी, स्टिल रड तथा शिटलगायतका वस्तुहरुको आयातमा भएको उल्लेख्य वृद्धिको कारण कुल आयात बढ्न गएको हो ।

२६. आर्थिक वर्ष २०६६/६७ मा कुल वस्तु व्यापार घाटा ४६.५ प्रतिशतले वृद्धि भई रु. ३१७ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा ३३.३ प्रतिशतले बढी रु. २१६ अर्ब ७७ करोड पुगेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा अघिल्लो वर्ष १७.० प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ४६.५ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, अघिल्लो वर्ष ६२.० प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा वर्षमा ४६.७ प्रतिशतले वृद्धि भएको छ ।

२७. निर्यात व्यापारमा आएको कमी तथा आयात व्यापारमा भएको उल्लेख्य विस्तारको कारण आर्थिक वर्ष २०६६/६७ मा निर्यात-आयात अनुपात १६.१ प्रतिशतमा झरेको छ । अघिल्लो वर्ष यस्तो अनुपात २३.८ प्रतिशत रहेको थियो ।

## शोधनान्तर

२८. आर्थिक वर्ष २०६६/६७ मा समग्र शोधनान्तर स्थिति रु. २ अर्व ६२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्ष रु. ४४ अर्व ७६ करोडले शोधनान्तर बचतमा रहेको थियो । आर्थिक वर्ष २०६६/६७ मा चालु खाता रु. ३२ अर्ब ३५ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षमा भने चालु खाता रु. ४१ अर्ब ४४ करोडले बचतमा रहेको थियो । समीक्षा वर्षमा वस्तु तथा सेवा व्यापार घाटामा भएको उल्लेख्य वृद्धिका कारण चालु खाता घाटा उच्च रहन गएको हो । चालु खाता घाटा उच्च रहँदा रहँदै पनि खासगरी पूँजीगत खाता बचत एवं वित्तीय खाताअन्तर्गत व्यापारिक साख दायित्वमा भएको वृद्धिका कारण समग्र शोधनान्तर स्थितिमा सुधार देखिएको हो ।

२९. समीक्षा वर्षमा एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा ४६.८ प्रतिशतले वृद्धि भई रु. ३०७ अर्ब २७ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त घाटा ३४.२ प्रतिशतले बढी रु. २०९ अर्ब ३२ करोड पुगेको थियो । त्यस्तै, सेवा व्यापार घाटा अघिल्लो वर्षको रु. १० अर्ब ४८ करोडको तुलनामा समीक्षा वर्ष ६०.८ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ८४ करोड पुगेको छ । खूद ट्रान्सफर आय अघिल्लो वर्षको रु. २४९ अर्ब ४९ करोडको तुलनामा समीक्षा वर्ष १३.३ प्रतिशतले वृद्धि भई रु. २८२ अर्ब ६५ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत अनुदान रु. २६ अर्ब ६७ करोड र पेन्सन आय रु. २५ अर्ब ८५ करोड प्राप्त भएको छ । त्यस्तै, विप्रेषण आप्रवाह १०.५ प्रतिशतले वृद्धि भई रु. २३१ अर्ब ७३ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ४७.० प्रतिशतको उल्लेखनीय दरले वृद्धि भई रु. २०९ अर्ब ७० करोड पुगेको थियो ।

३०. समीक्षा वर्ष पूँजीगत खाता रु. १२ अर्ब ५८ करोडले बचत भएको छ । अघिल्लो वर्ष पूँजीगत खाता रु. ६ अर्ब २३ करोडले बचतमा रहेको थियो । त्यस्तै, अघिल्लो वर्ष रु. २१ अर्ब २० करोडले बचत भएको वित्तीय खाता समीक्षा वर्ष भने रु. ३ अर्ब ७० करोडले घाटा भएको छ । समीक्षा वर्ष वित्तीय खाता अन्तर्गत रु. २ अर्ब ८५ करोड बराबरको बैदेशिक लगानी भित्रिएको छ । अघिल्लो वर्ष रु. १ अर्ब ८३ करोड बराबरको बैदेशिक लगानी भित्रिएको थियो । समीक्षा वर्ष व्यापारिक साख दायित्व रु. २१ अर्ब ९७ करोड रहेको छ । अघिल्लो वर्ष यस्तो दायित्व रु. १९ अर्ब ५५ करोड रहेको थियो ।

## विदेशी विनिमय सञ्चिति

३१. २०६७ असारमसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६६ असारमसान्तको तुलनामा ७.० प्रतिशतले घटी रु. २६६ अर्व ५७ करोडमा सीमित हुन पुगेको छ । २०६६ असारमसान्तमा यस्तो सञ्चिति ३४.८ प्रतिशतले बढेर रु. २८६ अर्ब ५४ करोड पुगेको थियो । २०६७ असारमसान्तमा रहेको कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६६ असारमसान्तको तुलनामा ८.४ प्रतिशतले ह्रास आई रु. २०५ अर्ब ३७ करोडमा सीमित हुन पुगेको छ । नेपाल राष्ट्र बैंकसँग रहेको यस्तो सञ्चिति २०६६ असारमसान्तमा रु. २२४ अर्ब १९ करोड रहेको थियो । अमेरिकी डलरमा गणना गर्दा २०६७ असारमसान्तमा कुल सञ्चिति २०६६ असारमसान्तको तुलनामा २.५ प्रतिशतले घटी अमेरिकी डलर ३ अर्ब ५८ करोडमा सीमित हुन पुगेको छ । अघिल्लो वर्ष यस्तो सञ्चिति १८.३ प्रतिशतले बढेको थियो । खासगरी व्यापार घाटामा भएको उल्लेख्य वृद्धिको कारण कुल विदेशी विनिमय सञ्चितिमा गिरावट आएको हो । आर्थिक वर्ष २०६६/६७ को बाह्र महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.६ महिनाको वस्तु आयात र ७.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

३२. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६६ असारमसान्तको प्रति व्यारल अमेरिकी डलर ६१.५३ को तुलनामा २०६७ असारमसान्तमा २४.२ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ७६.४० पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६६ असारमसान्तको प्रति आउन्स अमेरिकी डलर ९३८.० को तुलनामा २०६७ असारमसान्तमा २६.८ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ११८९.२५ पुगेको छ ।

३३. २०६६ असारमसान्तको तुलनामा २०६७ असारमसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.८५ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १२.२४ प्रतिशतले अवमूल्यन भएको थियो । २०६७ असारमसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७४.४४ पुगेको छ । २०६६ असारमसान्तमा उक्त विनिमय दर रु. ७८.०५ रहेको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

३४. आर्थिक वर्ष २०६६/६७ मा नगद प्रवाहमा आधारित बजेट घाटा अघिल्लो वर्षको तुलनामा १३.८ प्रतिशतले वढी रू. ३९ अर्ब ८ करोड पुगेको छ। आर्थिक वर्ष २०६५/६६ मा यस्तो बजेट घाटा रू. ३४ अर्ब ३६ करोड रहेको थियो । आर्थिक वर्ष २०६६/६७ मा कुल गार्हस्थ्य उत्पादनसँग नगद प्रवाहमा आधारित बजेट घाटाको अनुपात ३.३ प्रतिशत रह्यो भने आर्थिक वर्ष २०६५/६६ मा सो अनुपात ३.५ प्रतिशत रहेको थियो ।

### बजेट घाटा पूर्तिका स्रोतहरु

३५. आर्थिक वर्ष २०६६/६७ मा बजेट घाटा पूर्तिका उपायको रूपमा कुल आन्तरिक ऋण रू.२९ अर्ब ९१ करोड परिचालन भएको छ। कुल गार्हस्थ्य उत्पादनसँग आन्तरिक ऋणको अनुपात २.५ प्रतिशत रहेको छ ।

३६. समीक्षा वर्षमा रू. ७ अर्ब ९३ करोड आन्तरिक ऋणको भुक्तानी भएको र नेपाल सरकारले नेपाल राष्ट्र बैंकसँग रू.६ अर्ब १६ करोड अधिविकर्ष लिएको कारण नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन रू.२८ अर्ब १५ करोड रहेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको २.४ प्रतिशत रहेको छ । नेपाल सरकारले आ.व. २०६५/६६ मा उपयोग गरेको अधिविकर्ष रकम रु. ८ अर्ब ८३ करोड र आ.व. २०६६/६७ मा उपयोग गरेको अधिविकर्ष रकम रु. ६ अर्ब १६ करोड समेत गरी नेपाल सरकारको कुल तिर्न बाँकी आन्तरिक ऋण २०६७ असारमसान्तसम्ममा रू. १५७ अर्ब ८६ करोड पुगेको छ ।

३७. न्यून वित्त पूर्तिको अर्को उपाय वैदेशिक नगद ऋण परिचालन आर्थिक वर्ष २०६६/६७ मा १४.५ प्रतिशतले वृद्धि भई रू. ४ अर्ब २७ करोड पुगेको छ। अघिल्लो वर्ष रू. ३ अर्ब ७३ करोड बराबर वैदेशिक ऋण परिचालन भएको थियो ।

### सरकारी राजस्व र वैदेशिक नगद अनुदान

३८. आर्थिक वर्ष २०६६/६७ मा नेपाल सरकारको राजस्व २५.४ प्रतिशतले वृद्धि भई २०६७ असारमसान्तसम्ममा रू. १७९ अर्ब ९५ करोड पुगेको छ। उक्त राजस्व बजेटको वार्षिक लक्ष्य रु. १७६ अर्व ५० करोडको १०१.९ प्रतिशत हो । अघिल्लो वर्ष नेपाल सरकारको राजस्व ३३.३

---

[*] नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, राष्ट्रिय वाणिज्य बैंकका सरकारी कारोवार गर्ने ६५ शाखामध्ये ६५ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका सरकारी कारोवार गर्ने ४२ शाखा मध्ये ४१ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु र नेपाल वंगलादेश बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

प्रतिशतले वृद्धि भई रू. १४३ अर्ब ४७ करोड पुगेको थियो । फलस्वरुप, समीक्षा वर्षमा राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात १५.२ प्रतिशत पुगेको छ । आ.व. २०६५/६६ मा यस्तो अनुपात १४.५ प्रतिशत रहेको थियो । "कर सहभागिता बर्ष २०६६/६७" को कार्यान्वयनको प्रभाव, स्थायी लेखा नम्बर लिनेको सँख्यामा वृद्धि, कर स्वयंसेवकहरुको परिचालन, आयात वृद्धि, कर चुहावट नियन्त्रण एवं राजस्व प्रशासनमा भएको समग्र सुधारका कारण राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको हो ।


३९. राजस्वका शीर्षकहरूमध्ये मूल्य अभिवृद्धि कर आर्थिक वर्ष २०६६/६७ मा ३५.० प्रतिशतले वृद्धि भई रू. ५३ अर्ब ४६ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व २७.१ प्रतिशतले वृद्धि भएको थियो । विप्रेषण आयमा भएको वृद्धिसँगै वढ्दो आयात तथा उपभोगमा भएको वृद्धि र मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारका कारण समीक्षा वर्षमा मूल्य अभिवृद्धि करको वृद्धिदरमा विस्तार आएको हो ।

४०. समीक्षा वर्षमा भन्सार महसूलबाट प्राप्त हुने राजस्व ३१.६ प्रतिशतले वृद्धि भई रू. ३५ अर्ब ३ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व ३४.४ प्रतिशतले वृद्धि भएको थियो। भन्सार प्रशासनमा गरिएका सुधारहरु, उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पार्टपुर्जाहरुको आयातमा वृद्धि तथा भारतीय अन्तशुल्क फिर्ता रकममा वृद्धि भएको कारण भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो ।

४१. समीक्षा वर्षमा आयकर २२.४ प्रतिशतले वृद्धि भई रू. ३३ अर्ब ६५ करोड परिचालन भएको छ। अघिल्लो वर्ष यस्तो कर ४३.९ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक बर्ष २०६६/६७ लाई कर सहभागिता बर्षको रुपमा लिइएकोले यसको सकारात्मक प्रभाव पर्नुका साथै समीक्षा वर्षमा स्थायी लेखा नम्बर लिनेको संख्यामा समेत वृद्धि भएकोले आयकर बढेको हो ।

४२. आर्थिक वर्ष २०६६/६७ मा सरकारको अन्तशुल्क परिचालनमा ४९.६ प्रतिशतले वृद्धि भई रू. २४ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो वर्ष अन्तःशुल्क ४४.९ प्रतिशतले वृद्धि भएको थियो। अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा वृद्धि भएको कारण समीक्षा वर्षमा अन्तःशुल्क बढेको हो ।

**चार्ट : १**



४३. समीक्षा वर्षमा कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको अँश सवैभन्दा वढी अर्थात २९.७ प्रतिशत, त्यसपछि क्रमशः भन्सार (१९.५ प्रतिशत)) आयकर (१८.७ प्रतिशत) र अन्तःशुल्क (१३.५ प्रतिशत) को अंश रहेको छ। अघिल्लो वर्ष उक्त करहरुको अँश क्रमशः २७.६ प्रतिशत, १८.६ प्रतिशत, १९.२ प्रतिशत र ११.३ प्रतिशत रहेका थियो ।

४४. समीक्षा वर्षमा गैर-कर राजस्व परिचालनमा ४.३ प्रतिशतले कमी आई रू. २५ अर्ब २८ करोड पुगेको छ। अघिल्लो वर्ष गैर-कर राजस्वमा २३.३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा नेपाल सरकारलाई प्राप्त हुने साँवा, व्याज एवं लाभाँश रकममा कमी आएकोले गैर-कर राजस्व घट्न गएको हो।

४५. आर्थिक वर्ष २०६६/६७ मा वैदेशिक नगद अनुदान १.९ प्रतिशतले वृद्धि भई रू. २४ अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुदान ३९.२ प्रतिशतले वृद्धि भई रू. २४ अर्ब ४० करोड पुगेको थियो।

### सरकारी खर्च

४६. आर्थिक वर्ष २०६६/६७ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २०.२ प्रतिशतले वृद्धि भई २०६७ असारमसान्तसम्ममा रू. २४८ अर्ब ३७ करोड पुगेको छ। अघिल्लो वर्ष सरकारी खर्च ३७.८ प्रतिशतले बढी रु. २०६ अर्व ६९ करोड पुगेको थियो। चालू तथा पूँजीगत दुवै खर्चमा विस्तार आएको कारण समीक्षा वर्षमा कुल सरकारी खर्च अघिल्लो वर्षको तुलनामा वढेको हो।

४७. आर्थिक वर्ष २०६६/६७ मा नेपाल सरकारको नगद प्रवाहमा आधारित चालू खर्च २०.७ प्रतिशतले वृद्धि भई २०६७ असारमसान्तसम्ममा रू. १४४ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्ष चालू खर्च ३५.४ प्रतिशतले बढेको थियो। सरकारी कर्मचारी एवं शिक्षकहरुको तलबभत्ता वृद्धि, विशेष सुरक्षा योजनाको दायित्व, विद्यालय अनुदानमा वृद्धि, आर्थिक सहायता वितरणमा बढोत्तरी लगायतका कारणले समीक्षा वर्षमा चालू खर्चमा विस्तार आएको हो।

४८. समीक्षा वर्षमा पूँजीगत खर्च २०.२ प्रतिशतले वृद्धि भई रू. ७५ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्ष पूँजीगत खर्च ४५.० प्रतिशतले बढेको थियो। अघिल्लो वर्षको तुलनामा पूँजीगत खर्चमा वृद्धि देखिएतापनि चालु आर्थिक वर्षको लागि छुट्याइएको पूँजीगत खर्चको अनुमानसँग तुलना गर्दा यो रकम वार्षिक अनुमानको ७०.९ प्रतिशत मात्र हुन आँउछ। अपेक्षा अनुरुप पूँजीगत खर्च हुन नसक्नुमा बजेट ढिलो पारित हुनु, ठेक्कापट्टा समयमा हुन नसक्नु, स्थानीय निकायहरुमा कर्मचारीहरुको उपस्थिति न्यून रहनु, शान्ति सुरक्षाको स्थितिमा अपेक्षा अनुरुप सुधार आउन नसक्नु जस्ता प्रमुख कारणहरु रहेका छन्।

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

४९. आर्थिक वर्ष २०६६/६७ मा विस्तृत मुद्राप्रदाय १४.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त मुद्राप्रदाय २७.१ प्रतिशतले बढेको थियो। सँकुचित मुद्राप्रदाय अघिल्लो वर्ष २७.३ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ११.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको तुलनामा खुद आन्तरिक सम्पत्ति न्यून दरले बढ्नुको साथै खुद वैदेशिक सम्पत्ति पनि घटेकोले मौद्रिक योगाङ्कहरू कम दरले बढेका हुन।

५०. सँकुचित मुद्राप्रदायको अँशमध्ये चलनचल्तीमा रहेको मुद्रा समीक्षा वर्षमा १३.० प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त मुद्रा २५.५ प्रतिशतले बढेको थियो। चल्ती निक्षेप अघिल्लो वर्ष ३०.५ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ७.९ प्रतिशतले बढेको छ। आवधिक निक्षेप अघिल्लो वर्ष २७.० प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १६.१ प्रतिशतले बढेको छ।

५१. आर्थिक वर्ष २०६६/६७ मा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. २ अर्ब ६२ करोडले घटेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रू. ४४ अर्ब ७६

करोडले बढेको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा वर्ष व्यापार घाटामा उच्च विस्तार भएकोले खुद बैदेशिक सम्पत्ति घटेको हो ।

## आन्तरिक कर्जा

५२. आर्थिक वर्ष २०६६/६७ मा कूल आन्तरिक कर्जा १६.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा २७.१ प्रतिशतले बढेको थियो । अघिल्लो बर्षको तुलनामा निजी क्षेत्रतर्फको कर्जा वृद्धिदरमा आएको कमीले गर्दा आन्तरिक कर्जा न्यून दरले बढेको हो ।

५३. समीक्षा वर्षमा नेपाल सरकारमाथिको खुद दावी २५.३ प्रतिशत (रू. २६ अर्ब ५५ करोड) ले बढेको छ । अघिल्लो वर्ष उक्त दावी २०.४ प्रतिशत (रू. १७ अर्ब ७९ करोड) ले बढेको थियो । आर्थिक वर्षको अन्त्यतिर सरकारी खर्चमा उल्लेख्य विस्तार भएकोले बैंकिङ्ग क्षेत्रको नेपाल सरकारमाथिको दावी बढेको हो । समीक्षा वर्षमा नेपाल सरकारले नेपाल राष्ट्र बैंकबाट रू. ६ अर्ब १६ करोड अधिविकर्ष उपयोग गरेको छ ।

५४. समीक्षा वर्षमा निजी क्षेत्रतर्फको दावी १४.२ प्रतिशत अर्थात् रू. ६२ अर्ब ३० करोडले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको दावी २९.० प्रतिशत अर्थात् रू. ९८ अर्ब ५२ करोडले बढेको थियो । बैंकिङ क्षेत्रको तरलतामा सँकुचन आएकोले उक्त क्षेत्रतर्फको कर्जा वृद्धिदरमा कमी आएको हो ।

५५. समीक्षा वर्षमा वाणिज्य बैंकहरूको पेन्सन फण्ड तथा वीमा कम्पनीतर्फको लगानीमा कमी आएकोले गैर-सरकारी वित्तीय सँस्थाहरूतर्फको दावी ८.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको दावी ९६.९ प्रतिशतले बढेको थियो ।

५६. समीक्षा वर्षमा गैर-वित्तीय सरकारी सँस्थाहरुमाथिको दावी ६.९ प्रतिशतले बढेको छ । गोरखापत्र संस्थान, नेपाल विद्युत प्राधिकरण र जनकपुर चुरोट कारखाना लिमिटेडले बैकिङ्ग क्षेत्रबाट लिएको कर्जामा वृद्धि भएकोले यस्तो दावी बढेको हो । अघिल्लो वर्ष उक्त क्षेत्रमाथिको दावी ९.८ प्रतिशतले घटेको थियो ।

## सञ्चित मुद्रा

५७. समीक्षा वर्षमा सञ्चित मुद्रा ११.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त मुद्रा ३५.३ प्रतिशतले विस्तार भएको थियो । मौद्रिक अधिकारीको खुद वैदेशिक सम्पत्तिमा कमी आएकोले सञ्चित मुद्राको वृद्धि अघिल्लो वर्षको तुलनामा कम रहन गएको हो ।

## वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

५८. आर्थिक वर्ष २०६६/६७ मा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन १२.६ प्रतिशत (रू.६९ अर्ब ६ करोड) ले बढी २०६७ असारमसान्तमा रू ६१८ अर्ब ८६ करोड पुगेको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन ३०.४ प्रतिशत (रू. १२८ अर्ब २८ करोड) ले बढेको थियो ।

५९. बाणिज्य बैंकहरुको कर्जा तथा लगानी १४.० प्रतिशत (रु. ७२ अर्व ९३ करोड) ले बढी असारमसान्तमा रु. ५९३ अर्व ५६ करोड पुगेको छ । यस अवधिमा बाणिज्य बैंकहरुको निजी क्षेत्रतर्फको कर्जा १६.१ प्रतिशत (रू. ६५ अर्ब ६१ करोड) ले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा ३२.३ प्रतिशत (रू. ९९ अर्ब ४० करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फको कर्जामध्ये उत्पादनमूलक क्षेत्रतर्फको कर्जा ७.८ प्रतिशत (रू. ६ अर्ब ८४ करोड) ले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १७.३ प्रतिशतले बढेको थियो । उत्पादन क्षेत्रतर्फ चिनी, सिमेन्ट, फलाम तथा स्टिलजन्य वस्तुहरूको उत्पादनमा कर्जा प्रवाहको विस्तार उच्च रहेको छ । त्यसैगरी, समीक्षा वर्षमा कृषि क्षेत्रतर्फको कर्जा रू. ९१ करोडले बढेको छ । समीक्षा वर्षमा थोक तथा खुद्रा व्यापार, वित्त, विमा तथा स्थिर सम्पत्ति र सेवा क्षेत्रतर्फको कर्जा क्रमश: २८.७ प्रतिशत (रू. १९ अर्ब ७८ करोड), ३९.१ प्रतिशत (रू. १५ अर्ब २१ करोड) र २६.७ प्रतिशत (रू. ६ अर्ब २५ करोड) ले बढेको छ । अघिल्लो वर्ष उल्लिखित क्षेत्रहरुको कर्जामा क्रमश:

२३.५ प्रतिशत, ५६.१ प्रतिशत र १०.४ प्रतिशतको वृद्धि देखिएको थियो । यसरी नै घरजग्गातर्फको कर्जा अघिल्लो वर्ष रू. १४ अर्ब ३ करोडले विस्तार भएकोमा समीक्षा वर्षमा रू १३ अर्ब २० करोडले बढेको छ ।

### वाणिज्य बैंकहरूको तरलताको स्थिति

६०. वाणिज्य बैंकहरूको तरल सम्पत्ति २०६७ असारमसान्तमा रू. २११ अर्ब ७१ करोड रहेको छ । तरल सम्पत्तिका अँशहरूमध्ये तरल कोष समीक्षा वर्षमा ४.९ प्रतिशतले बढेको छ । वाणिज्य बैंकहरूको विदेशमा रहेको मौज्दात अघिल्लो वर्षकै हाराहारीमा रहेको भएतापनि नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात बढेकोले तरल कोष बढेको हो । समीक्षा वर्षमा वाणिज्य बैंकहरूको विदेशी मौज्दात रू. ६ करोडले बढी रू. ६० अर्ब २ करोड हुन आएको छ भने नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रू. ५ अर्ब २७ करोडले बढेको छ । समीक्षा वर्षमा सरकारी ऋणपत्रमाथिको लगानी रू. ११ अर्ब ५ करोडले बढेको छ ।

६१. कर्जा-निक्षेप अनुपात २०६६ असारमसान्तको ८१.६ प्रतिशतबाट बढेर २०६७ असारमसान्तमा ८२.५ प्रतिशत पुगेको छ भने तरलता-निक्षेप अनुपात ३५.४ प्रतिशतबाट घटेर ३४.२ प्रतिशत कायम भएको छ ।

### तरलता व्यवस्थापन

६२. आर्थिक वर्ष २०६६/६७ मा सरकारी ऋणपत्रको खुला बजार कारोवारबाट रू. १२६ अर्ब ६२ करोडको खुद तरलता प्रवाह भएको छ । यसमध्ये ट्रेजरी बिलको बिक्री बोलकबोलमार्फत् रू. ७ अर्ब ४४ करोड र रिभर्स रिपो बोलकबोलमार्फत् रू. १ अर्ब गरी कुल रू. ८ अर्ब ४४ करोड तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत् रू. १३१ अर्ब ६८ करोड र खरीद बोलकबोलबाट रु. ३ अर्ब ३८ करोड गरी कुल रु. १३५ अर्ब ६ करोडको तरलता प्रवाह भएको छ । अघिल्लो वर्ष खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोलबाट रू. ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू. १३ अर्ब २६ करोड गरी कुल रू. २० अर्ब ७२ करोडको तरलता प्रशोचन र रिपो बोलकबोलबाट रू. ११ अर्बको तरलता प्रवाह हुन गई खुद रु. ९ अर्ब ७२ करोडको तरलता प्रशोचन भएको थियो ।

६३. आर्थिक वर्ष २०६६/६७ मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ६० करोड १६ लाख खुद खरिद गरी रू. ११८ अर्ब ६६ करोड बराबरको तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ८४ करोड १५ लाख खुद खरिद भई रू. १४२ अर्ब ५० करोड बराबरको तरलता प्रवाह भएको थियो ।

६४. समीक्षा वर्षमा अमेरिकी डलर २ अर्ब १९ करोड बिक्री गरी भा.रू. १०२ अर्ब ९ करोड खरिद भएको छ । अघिल्लो वर्ष अमेरिकी डलर १ अर्ब ५२ करोड बिक्री गरी भा.रू. ७३ अर्ब ४० करोड खरिद भएको थियो । भारतसँगको बढ्दो व्यापार घाटाका कारण भा.रु खरिद बढेको हो ।

### स्थायी तरलता सुविधाको उपयोग र अन्तर बैंक कारोवारको स्थिति

६५. आर्थिक वर्ष २०६६/६७ मा बैंक तथा वित्तीय संस्थाहरुबाट रू. ९५ अर्ब ९४ करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्ष उक्त सुविधा अन्तर्गत बाणिज्य बैंकहरुले कुल रू. १०७ अर्ब ७८ करोड उपयोग भएको थियो । समीक्षा वर्षमा वाणिज्य बैंकहरूले कुल रू. २६८ अर्ब ८५ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्ष कुल रू. २९३ अर्ब ४२ करोड बराबरको अन्तर-बैंक कारोवार भएको थियो ।

### अल्पकालीन व्याजदर

६६. आर्थिक वर्ष २०६६/६७ मा ९१-दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर ६.५० प्रतिशत कायम भएको छ । अघिल्लो वर्ष उक्त व्याजदर ५.८३ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत


अन्तर-बैंक व्याजदर ५.०७ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ७.७४ प्रतिशत कायम भएको छ । अल्पकालीन बजार व्याजदरका अलावा वाणिज्य बैंकहरूले निक्षेपमा प्रदान गर्ने व्याजदर पनि बढेको छ । २०६६ असार महिनाको तुलनामा २०६७ असार महिनामा दुई-वर्षे र दुई वर्षभन्दामाथिको मुद्दति निक्षेपको अधिकतम वार्षिक व्याजदर ९.५ प्रतिशतबाट बढेर १३.० प्रतिशत कायम भएको छ । समीक्षा वर्षमा तरलताको स्थितिमा कमी आएकोले व्याजदरहरू बढेका हुन् ।

## धितोपत्र बजार

६७. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्कमा ३६.२३ प्रतिशतले कमी आई २०६७ असारमसान्तमा ४७७.७३ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६६ असारमसान्तमा ७४९.१० रहेको थियो । बजारमा शेयरको आपूर्ति उल्लेख्य रुपमा बढेको तर मुलुकको समग्र आर्थिक तथा राजनीतिक वातावरणमा अपेक्षा अनुरुप सुधार हुन नसकेकोले शेयरको मूल्य र बजार परिसूचकमा गिरावट आएको हो । २०६३ असारमसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६७ असारमसान्तमा ११६.१४ रहेको छ । यो सूचकाङ्क २०६६ असारमसान्तमा १९८.७७ रहेको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवार मूल्यलाई आधार बजार मूल्यको रुपमा लिई गणना गरिएको NEPSE Float Index मा २०६६ असारको तुलनामा ३७.८० प्रतिशतले गिरावट आई २०६७ असारमसान्तमा ४४.३० पुगेको छ । अघिल्लो बर्ष यो सूचकाङ्क ७१.२२ रहेको थियो ।


६८. आर्थिक बर्ष २०६६/६७ मा बिभिन्न आर्थिक तथा गैर-आर्थिक कारणहरुले धितोपत्र बजार कारोबारमा अपेक्षित सुधार हुन सकेन । बजारका अधिकांश परिसूचकमा अघिल्लो वर्षको तुलनामा गिरावट आएको छ । फलस्वरुप आर्थिक वर्ष २०६६/६७ मा कारोबार रकममा ४५.३४ प्रतिशतले कमी आई रु. ११ अर्व ८५ करोड बराबरको कारोबार भएको छ । अघिल्लो वर्ष यस्तो कारोवार रु.२१ अर्व ६८ करोड बराबर रहेको थियो ।

**चार्ट : २**
**आर्थिक वर्ष २०६६/६७ को नेप्से सूचाकाङ्क**





६९. २०६७ असारमसान्तमा बजार पूँजीकरणमा वार्षिक विन्दुगत आधारमा २६.५३ प्रतिशतले कमी आई रु. ३ खर्ब ७६ अर्ब पुगेको छ । परिणामस्वरुप २०६७ असारमसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३१.८७ प्रतिशत रहेको छ । २०६६ असारमसान्तमा यस्तो अनुपात ५१.७४ प्रतिशत रहेको थियो । बजार पूँजीकरणमा बैंक तथा वित्तीय सँस्थाहरुको ७२.५ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.० प्रतिशत, होटलहरुको १.४ प्रतिशत, व्यापारिक सँस्थाहरुको ०.४ प्रतिशत, जलविद्युतको ५.३ प्रतिशत र अन्यको १८.३ प्रतिशत अँश रहेवाट विगतमा झैं बैंक तथा वित्तीय सँस्थाहरुको नै सबैभन्दा ठूलो हिस्सा रहिरहेको छ ।

**चार्ट : ३**
**सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण (आ.व. २०६६/६७)**




७०. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धिदर ३०.५० प्रतिशत रही २०६७ असारमसान्तमा रु.७९ अर्ब ७९ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । आर्थिक वर्ष २०६६/६७ को असारमसान्तसम्ममा २० वटा कम्पनीको रु. ५ अर्ब ४९ करोड ४६ लाख बरावरको साधारण शेयर, ५५ वटा कम्पनीको रु.४ अर्ब ६ करोड २९ लाख बराबरको बोनस शेयर र ४८ वटा कम्पनीको रु. १० अर्ब ३६ करोड ६३ लाख बराबरको हकप्रद शेयर सूचीकृत भएको छ । उक्त वृद्धि रकममध्ये सबैभन्दा ठूलो हिस्सा हकप्रद शेयरको ५२.० प्रतिशत रहेको छ भने साधारण शेयरको २८.० प्रतिशत र बोनस शेयरको २०.० प्रतिशत रहेको छ । अघिल्लो बर्षको चुक्ता पूँजीको वृद्धिमा साधारण शेयर, हकप्रद शेयर र बोनस शेयरको अँश क्रमशः ६३.० प्रतिशत, ३१.० प्रतिशत र ६.० प्रतिशत रहेको थियो । यसैगरी, समीक्षा वर्षमा रु.९ अर्ब ८० करोड बराबरको सरकारी ऋणपत्र र रु. २२ करोड ७७ लाख बराबरको संस्थागत ऋणपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएको छ ।

**चार्ट : ४**
**सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी वृद्धि संरचना**




७१. २०६७ असारमसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको सँख्या १७६ रहेको छ । २०६६ असारमसान्तमा यो सँख्या १५९ रहेको थियो । सूचीकृत कम्पनीहरुमध्ये १४४ वटा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

७२. आर्थिक वर्ष २०६६/६७ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेडले लगानीकर्ताको हीत तथा पूँजी बजारको विकासको लागि विभिन्न कार्यहरुको शुरुवात गरेको छ । यस क्रममा नेपालमा केन्द्रीय निक्षेप प्रणाली (सिडिएस) स्थापनाको लागि भारतको सिडिएसएल इण्डियासँग भएको सम्झौता एक महत्वपूर्ण कार्यको रुपमा लिन सकिन्छ । यसैगरी, काठमाण्डौं उपत्यकामा सीमित शेयर दलालको सेवालाई समीक्षा बर्षमा उपत्यका बाहिर पनि उपलब्ध हुने व्यवस्था मिलाईएको छ । नेपाल धितोपत्र दलाल संघसँगको समन्वयमा पहिलो पटक पोखराबाट २०६६ माघ ११ गतेदखि सदस्य शेयर दलालले कारोबार सुरु गरेकोमा समीक्षा वर्षको अन्तसम्ममा यस्तो सेवा विराटनगर, वीरगंज, नारायणगढ, वुटवलसम्म पुगेको छ ।

## वित्तीय प्रणालीमा विस्तार

७३. आर्थिक वर्ष २०६६/६७ मा नेपालको वित्तीय प्रणालीमा १ वाणिज्य बैंक, १६ विकास बैंक, २ वित्त कम्पनी र ३ लघु वित्त कारोवार गर्ने सँस्था गरी जम्मा २२ वटा बैंक तथा वित्तीय संस्थाहरु थप भई नेपाल राष्ट्र बैंकवाट इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरुको कुल सँख्या २६४ पुगेको छ ।

**तालिका : १**
**बैंक तथा वित्तीय संस्थाहरुको सँख्या**

| **बैंक तथा वित्तीय संस्थाहरु** | **२०६६ असारमसान्त** | **२०६७ असारमसान्त** |
|---|---|---|
| वाणिज्य बैंकहरु | २६ | २७ |
| विकास बैंकहरु | ६३ | ७९ |
| वित्त कम्पनीहरु | ७७ | ७९ |
| लघु वित्त कारोवार गर्ने संस्थाहरु | १५ | १८ |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरु (सीमित बैंकिङ्ग कारोबार गर्ने) | १६ | १६ |
| नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैर-सरकारी संस्थाहरु (लघु वित्त कारोवार गर्ने) | ४५ | ४५ |
| बीमा कम्पनीहरु | २५ | २५ |

७४. समीक्षा वर्षमा नयाँ बैंक तथा वित्तीय सँस्थाहरुको स्थापनाका साथै वाणिज्य बैंक तथा बिकास बैंकका शाखा संख्यामा समेत उल्लेख्य विस्तार आएको छ । उदाहरणको लागि, वाणिज्य बैंकहरुको शाखा सँख्या २०६६ असारमसान्तसम्ममा ७५२ रहेकोमा समीक्षा वर्षमा थप २१४ ले वृद्धि भई २०६७ असारमसान्तसम्ममा ९६६ पुगेको छ । यसैगरी, २०६७ असारमसान्तसम्ममा विकास बैंकहरुको शाखा सँख्या ३५८ र वित्त कम्पनीहरुको शाखा सँख्या २६५ पुगेका छन् ।